# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

०१८ .

पत्र संख्या : नि.व्य.वि. / ०७६ / ०७७ मिति : २०७६।०४।०२

चलानी नं. : ९४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

**विषय : निर्देशन सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा तोकिएको मापदण्ड पूरा गर्ने वाणिज्य बैंकहरुलाई सहायक कम्पनी मार्फत शेयर खरिद बिक्री गर्न पाउने गरी अनुमतिपत्रका लागि सिफारिश गर्न तथा संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिकरुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाडौं उपत्यका बाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमति प्रदान गर्न आवश्यक कार्य अगाडि बढाउन बोर्ड बैठकको निर्णयानुसार मिति २०७५।०९।१८ मा निर्देशन दिएको व्यहोरा तहाँ विदितै छ ।

यसै बिच तहाँबाट "वाणिज्य बैंकहरुलाई सहायक कम्पनी मार्फत धितोपत्र दलाल ईजाजत सम्बन्धी अध्ययन प्रतिवेदन" प्राप्त भएको र सो सम्बन्धमा बोर्ड बैठकमा छलफल हुँदा प्राप्त अध्ययन प्रतिवेदन वाणिज्य बैंकको सहायक कम्पनीको संख्या तोक्ने, न्यूनतम पूँजी, संरचना एवं मानव संशाधन, भौतिक संरचना, शाखा कार्यालय, वाणिज्य बैंकको मुख्य कम्पनीको शाखा वा शाखाको काउन्टर प्रयोग गर्न नपाउने लगायतका विषयमा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को प्रतिकूल हुने गरी तयार भएको देखिएको व्यहोरा नोट गर्दै बोर्डबाट मिति २०७५।०९।१८ मा, तोकिएको मापदण्ड पूरा गर्ने वाणिज्य बैंकहरुलाई सहायक कम्पनीमार्फत शेयर खरिद बिक्री गर्न पाउने गरी अनुमतिपत्रका लागी सिफारिश गर्न तथा संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिकरुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाडौं उपत्यका बाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमति प्रदान गर्न आवश्यक कार्य अगाडि बढाउन निर्देशन दिएकोमा सो कार्यलाई तत्काल अगाडि बढाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ३ (१) बमोजिम बोर्डमा शीघ्र सिफारिश गर्न नेप्सेलाई निर्देशन दिने बोर्ड बैठकको मिति २०७६।०३।२५ को निर्णय बमोजिम यो निर्देशन दिइएको छ ।

बोधार्थ

नेपाल सरकार
अर्थ मन्त्रालय
वित्तिय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा

श्री अध्यक्षज्यूको कार्यालय
नेपाल धितोपत्र बोर्ड

(निरज गिरी)
कार्यकारी निर्देशक